
# फिलिप्पी

फिलिप्पीहरुलाई लेखिएको पत्र आनन्द र आशाले भरिएको पत्र हो। प्रेरित १६ मा, पावल, सिलास, तिमोथी र लूका पहिलो पटक फिलिप्पी आइपुग्छन् र लिडिया नाउँकी महिलालाई भेट्छन्। तिनले येशूको बारेमा सुसमाचारमा बिश्वास गरिन् र तिनले र तिनको परिवारले बप्तिस्म लिए। (प्रेेरित १६:१३-१५)। त्यो फिलिप्पीको मण्डलीको सुरुवात थियो। केही समयपछि, पावल र सिलासले एउटी दासी केटीबाट भूत निकाले जो एक ज्योतिषी थिइन् र तिनको मालिकहरु रिसाए। फलस्वरुप, पावल र सिलासलाई झ्यालखानामा हालियो। जेलमा तिनीहरुले गीत गाउँदै र परमेश्वरको प्रशंसा गर्दै गर्दा, ठुलो भुकम्पले झ्यालखानालाई हल्लायो र ढोकाहरु खुल्यो। जेलर ब्यूझ्यो र सबै कैदीहरु भगे भनी सोचेका थिए। उसले आफ्नो तरवार तानेर आफैलाई मार्न लागेका थिए। तर पावलले कराए, “आफुलाई हानी नगर्नुहोस्! हामी सबै यहाँ छौं!” त्यो रात जेलर र उनका परिवार सम्पूर्णले येशूको नाउँमा बप्तिस्मा लिए। (प्रेरित १६:१६-४०)। जब पावलले फिलिप्पीहरुलाई यो पत्र लेख्छन्, उनी अर्को शहरमा र फेरी झ्यालखानामा छन्। तैपनि, पावल कृतज्ञा र आनन्दाले भरिएका छन् र फिलिप्पीहरु आनन्दले भरिएको चाहन्छन्।



पावल र लिडिया

**लेखक:** पावल प्रेरित र तिमोथी

**लेखको मीति:** ५०-६० बीचमा लेखिएको थियो।

**मूल दर्शक:** फिलिप्पी सहरमा येशूको अनुयायीहरु। फिलिप्पी म्यासिडोनियाको एउटा प्रसिद्ध सहर थियो जुन आधुनिक समयको उत्तरी ग्रीसमा छ। फिलिप्पीको धेरै-जसो बिश्वासीहर यहूदी पृष्टभुमिको थिएन।

**पत्र लेख्नुको कारण:** येशूको बारे सुसमाचार फैलाएको कारण पावल जेलमा छन्। उनी प्राय; एफिसस वा रोममा जेलमा हुनसक्छन्। फिलिप्पीको मण्डलीमा इपाफ्रोडिटस नामका एक जना सन्देशवाहकलाई पावल जेलमा हुँदा सहयोग गर्न पठाएको थियो। त्यहाँ हुँदा, इपफ्रोडिटस धेरै बिरामी भयो र लगभग मरे। अब पावलले इपफ्रोडिटसलाई फिलिप्पीको मण्डलीमा तिनीहरुको सहयोग लागि धन्यवाद र प्रोत्साहन दिनको लागि पत्र पठाउँदै छन्।

**पत्रको मुख्य सन्देश:** सुरुवातको अभिवादन पछि (१:१-२), पावलले फिलिप्पीहरुको लागि परमेश्वरलाई धन्यवाद दिन्छन् र तिनीहरुको लागि प्रार्थना गर्छन् (१:३-११)। उनी भन्छन् कि उनको कैदले सुसमाचारलाई अगाडी बढाएको छ (१:१२-१८) र उनी तिनीहरुको प्रार्थनाद्धारा मुत्त्क हुन आशा गर्नुहुन्छ (१:१९-२६)। उनी भन्छन् कि विश्वासीहरुले येशूको निम्ति कष्ट भोग्नेछन् (१:२७-३०)। विश्वासीहरुले येशूको सिद्ध उदाहरण पछयाउन र नम्र हुनुपर्छ। यसको मतलब उनीहरुले आफ्नो हितको लागि होइन तर अरुको हितको लागि सोच्नुपर्छ।(२:१-११)
उहाँले फिलिप्पीका विश्वासीहरुलाई खतना बारे सिकाउने मानिसहरुबाट होसियार हुन चेतावनी दिनुहुन्छ। पावल भन्छन् कि हामी शरीरमा भर पर्छौं जब हामी हाम्रो सम्पदामा वा औपचारिक धार्मिक नियमहरु पछयाउँछौ। तैपनि, पावल भन्छन् कि यी सबै चीजहरु ख्रिष्ट येशू मेरा प्रभुलाई चिन्ने तुलानामा फोहोर जस्तै छन्। (३:१-११) पावलले मण्डलीमा एकताको लागि बिन्ती गर्दछ (४:२-३) र फिलिप्पीहरुलाई प्रभुमा रमाउन, चिन्ता नगरी प्रार्थना गर्न र ख्रिष्टियन मन्यताहरु पूर्ण ह्रदयले अभ्यास गर्न भन्छन्। (४:४-९) अन्तमा, पावलले आफ्ना समस्यामा उपहारहरु पठाउनु भएकोमा धन्यवाद (४:१०-२०) र अभिवादन (४:२१-२३) सँग समाप्त हुन्छ।

## नम्रता

आफ्ना सबै पत्रहरुमा, पावलले येशूका अनुयायीहरुलाई नम्र हुनुपर्छ भनी लेख्छन्। फिलिप्पीहरुलाई लेखेको पत्रमा पावलले नम्रतालाई विशेष ध्यान दिन्छन्। नम्र हुनु भनेको अरुको चासो र आवश्यकतालाई आफ्नो स्वार्थभन्दा माथी राख्नु हो (२:३-४)। नम्रताको यो बुझाइ पावलले "प्रेम" लाई पारिभषित गर्ने तरिकासँग धेरै नजिक छ। उदाहरण्को लागि, रोमीको पुस्तक १२:१०, १४:१५, १ कोरिन्थी १४:४-७, र गलाती ५:१३ मा हेर्नुहोस्।

पावलले कोरिन्थीहरुलाई ख्रिष्टको सुसमाचारको लागि योग्यको रुपमा अचरण गर्न बताउँछन् (१:२७)। त्यसपछि, उहाँले तिनीहरुलाई यसो भन्दै आफुलाई कसरी आचरण गर्ने भनेर बताउनुहुन्छ, "तिमीहरु एउटै मनका भएर, एउटै प्रेम राखेर, पूर्ण सम्मतिसाथ एउटै चित्ताका भएर मेरो आनन्द पुरा गर। आफ्नै मात्र भलाई खोजेर तिमीहरु केही नगर। तिमीहरुले फोस्रो घमण्डको निम्ति पनि केही नगर। एक-अर्काप्रति नम्र बन र अरुहरु आफूभन्दा राम्रा छन् भनी सम्झ। तिमीहरु हरेक आफ्नै हित मात्र नखोज, तर अरुका हितलाई पनि हेर।"(२:२-४) त्यसपछि, पावलले फिलिप्पीहरुलाई ख्रिष्टको गितमा येशू ख्रिष्टको सिद्ध उदाहरण देखाउँछन्।

तिमीहरुमा यस्तो मन होस्, जो ख्रिष्ट येशूमा पनि थियो।

> परमेश्वरको स्वरुपमा भएर पनि
> उहाँले परमेश्वरको बराबरी हुने
> कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन।
> तर आफैलाई रित्याईकन
> कमाराको रुप धारण गरेर,
> तथा मनुष्य भएर जन्मनुभयो।
> स्वरुपमा मानिसजस्तै भएर
> आफैलाई होच्याउनुभयो,
> र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।
> त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो,
> र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो,
> जो हरेक नाउँभन्दा उच्च छ,
> कि स्वर्गमा, पृथ्वीमाथी र पृथ्वीमुनि भएको हरेक प्राणीले
> येशूको नाउँमा घुँडा टेक्नुपर्छ,
> र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति
> येशू ख्रिष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ। (२:५-११)

### सहकर्मी

फिलिप्पीका विस्वासीहरुसँग पावलको घनिष्ट सम्बन्ध छ र उनीहरुलाई सबै ठाउँहरुमा सुसमाचार पुर्याउनको लागि साझेदारी मान्छ। उनले सुरु गरेका मण्डलीहरुलाई पत्रहरुमा, पावलले विस्वासीहरुलाई आफ्ना छोराछोरीहरु भनेर उल्लेख गरेका छन्।( १ कोरिन्थी ४:१४, गलाती ४:१९, १ थेसलोनिकी २:११, फिलेमोन १:१०)। तर फिलिप्पीका विस्वासीहरुको पत्रमा उनले, "भाईहरु र बाहिनीहरु" भनेका छन् ( १:१२, १४; २:२५; १३, ४:१, ८, २१)। पावल भन्छन् कि तिनीहरु सुरुदेखि नै सुसमाचारमा उहाँको साझेदारी थिए।(१:५)। फिलिप्पीका मण्डली परिपक्कता देखिन्छ। फिलिप्पीका विस्वासीहरु सही बाटोमा मात्र लागिरहेका छैनन् तर तिनीहरुले पावललाई नयाँ सहर र देशहरुमा सुसमाचार फैलाउन मद्दत गरिरहेका छन्। फिलिप्पीवासीहरुलाई लेखिएको पत्र आनन्दले भरिनु एउटा कारण यो हो।



यस छोटो सुन्दर गीतमा, हामीले येशू, परमेश्वर र भविष्यमा के हुने बारे धेरै कुरा सिक्नसक्छौं। र हामीले पछयाउन नम्रताको उत्तम उदाहरण पनि पाउँछौं। यस खण्डहरुलाई दुई तीन पटक फेरी पुन पढ्नुहोस्। विस्तारै पढ्नुहोस् प्रत्येक शब्द र त्यसको अर्थ बारे सोच्नुहोस्। र ती प्रश्नहरुको उत्तर दिनुहोस्:

1. परमेश्वर पिताको बारे के सिक्छौं?
2. येशूको बारे के सिक्छौं?
3. येशूले के गर्नुभयो?
4. तपाई येशूको उदाहरणलाई कसरी पछयाउन सक्नुहुन्छ?